पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे
सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १९ गते शुक्रबार ❑ 2 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राजतन्त्र फर्काउने सपना देख्नेहरुविरुद्ध मजदुर वर्ग सचेत रुपमा लाग्नुपर्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १८ बैशाख

प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको आन्दोलनबाट फालिसकिएको निरंकुश राजतन्त्रलाई फर्काउने सपना देखेर अराजक र असहिष्णु प्रवृत्ति बोक्नेहरु लागेकाले तिनकाविरुद्ध सचेत खबरदारी गर्न मजदुर वर्गलाई आग्रह गर्नुभएको छ।

एक सय ३६औं अन्तरराष्ट्रिय मजदुर दिवसका अवसरमा नेपाल ट्रेड युनियन महासंघ(जिफन्ट) द्वारा बिहीबार यहाँ आयोजित कार्यक्रममा नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले मुलुकमा राजनीतिक परिवर्तन र सचेतनाका लागि योगदान दिने मजदुर वर्गलाई एकताबद्ध भएर सही उद्देश्यप्राप्तिमा गतिशील हुन आग्रह गर्नुभयो । "फालिएको राजतन्त्र पक्षधरको अराजकता गत चैत १५ गतेको तीनकुने-हिंसात्मक र दानवीय घटनामा स्पष्ट देखियो । उनीहरुको प्रशंसा नगर्ने कलाकारको चलचित्र नहेर्नेजस्ता असहिष्णु व्यवहार गर्ने राजतन्त्रवादीले फेरि फर्कने कुचेष्टा गरिरहेका छन् । शान्ति कायम गर्न उभिएका प्रहरीमाथि गाडी लिएर किच्न जान्छन् भने त्यस्ताको हातमा शासन सत्ता पुगेमा के गर्लान् भन्ने प्रश्न उब्जिएको छ । उनीहरुले हाम्रो सभ्यता र संस्कृतिमा चुनौती दिएका छन् । हामीले त्यस्तालाई जवाफ दिन सक्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो- "यसमा श्रमजीवी वर्ग विगतमा झैँ सचेत हुनुपर्छ ।" 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा लिएर सुनौलो भविष्य बोकेर हिँडेको उल्लेख गर्दै उहाँले रगत पसिना बगाएर लोकतान्त्रिक प्रणाली ल्याएकाले यसको रक्षा गर्ने बताउनुभयो । "हाम्रो झण्डा ख्यालख्यालमा रातो भएको होइन, मजदुरहरुले शान्तिपूर्ण र न्यायपूर्ण समाजका लागि लड्दा गोली खाएर ढल्दाखेरि सेतो झण्डामा रगत लतपतिएकाले रातो भएको हो । बलिदानबाट निस्किएका झण्डा राता हुन्छन् । हाम्रो देशको झण्डामा पनि रातो रङ रहेको छ । हामी संघर्षको गाथा झल्काउने झण्डा छोड्ने छैनौं", प्रधानमन्त्री ओलीले भन्नुभयो । कार्यक्रममा एमाले महासचिव शङ्कर पोखरेल, नेपाल उद्योग वणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## श्रमिकको हकअधिकार प्राप्तीको लागि सदनदेखि सडकसम्म आवाज उठाउछौं: महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख



नेकपा माओबादी केन्द्रका महासचिव देव गुरुङले श्रमिको हकअधिकार प्राप्तीको लागि सदन देखि सडकसम्म आवाज उठाउने बताउनु भएको छ।

अखिल नेपाल ट्रेड यूनियन महासंघ गण्डकी प्रदेशले अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहीबार पोखरामा आयोजना गरेको अन्तरकृया कार्यक्रममा बोल्दै महासचिव गुरुङले श्रमिको हकअधिकार प्राप्तीको लागि पहिला देखि आफुहरु गम्भिर भएको उल्लेख गर्दै सदन देखि सडकसम्म आवाज उठाउने बताउनु भएको हो । सामाजिक सुरक्षा कोषको कार्यान्वयन गराउने बिषयमा तथा श्रमिक ऐन पारित गराउने बिषयमा २०७४ सालमा आफ्नो पार्टी सरकारमा हुँदा सुरु भएको उहाँले स्मरण गर्नुभयो । सबै बर्ग र क्षेत्रका श्रमिकहरुको हक र अधिकारको निम्ति आफ्नो पार्टी निरन्तर रुपले लागि रहने महासचिव गुरुङले विश्वास व्यक्त गर्नुभयो। आ–आफ्नो मुलुकको आर्थिक समृद्धिको आधारमा मजदुहरुको हकहितमा समन्वय गरी काम गर्नुपर्ने महासचिव गुरुङले जनाउनुभयो । श्रम जिवीको समस्या भनेको पूजिवाद विश्व व्यापी रुपमा बहुराष्ट्रिय कम्पनीहरुले पुंजिको एकाधिकार जमाउदै आए पछि ३ सय बर्ष अघि सामान्तबादको अबस्थादेखि रहेको उहाँले जनाउनुभयो । काग्रेंस र एमाले नेतृत्वको सरकारले देशलाई निकास दिन नसक्ने उहाँको दाबी थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको बिरोध गर्दै महासचिव गुरुङले देशमा हाल विभिन्न प्रकारका आन्दोलन हिंसात्मक हुनु सरकारी पक्ष कमजोरी भएको कारण भएको दाबी गर्नुभयो । कास्मीर घटनाले नेपाललाई पश्चिमा मुलुकहरुले द्धान्दको रणभूमिको रुपमा प्रयोग गर्न सक्ने आशंका व्यक्त गर्नुभयो । पश्चिमाहरुको एकाधिकार सभ्यता, एकताबादी चिन्तन सोच, दलाली र चाकडी गर्ने तथा आत्म सर्मपणबादी चिन्तनले नेपालको राष्ट्रिय अस्मिता नै समाप्त पार्ने बाटोमा लागेको महासचिव गुरुङको आरोप थियो । यहाँ द्धन्द मच्चाउने झगडा मच्चाउने अस्थिरता र अराजकता सृजना गरी नेपालको राष्ट्रिय अस्मितालाई समाप्त पार्ने त्यो दिशामा लैजाने गरी त्यसको प्रयास भएको उहाँको भनाई थियो। माओबादी केन्द्र गण्डकी प्रदेशका अध्यक्ष गायत्री गुरुङले श्रमिकहरुको हक अधिकार र सामाजिक सुरक्षाको पूर्ण कार्यान्वयन सहित देशमै रोजगारीको अवसर र उचित पारिश्रमिक श्रम ऐनको कार्यान्वयन गर्दै जानुपर्ने बताउनु भयो । अखिल नेपाल ट्रेड यूनियन महासंघ गण्डकी प्रदेशका अध्यक्ष रुद्र गौतमको अध्यक्षतमा कार्यक्रम भएको थियो।

## 'जिपी कोइराला उपचार केन्द्रलाई विशिष्टिकृत अस्पताल बनाउँछौं'

**पोखरापत्र संवाददाता**
दमौली, १८ बैशाख

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई श्वासप्रश्वासको विशिष्टिकृत अस्पताल बनाउन लागिएको बताउनुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा स्थापना गरिएको जिपी लायन्स डायलासिस केन्द्रको बिहीबार उद्घाटन गर्नुहुँदै मन्त्री पौडेलले यो अस्पताललाई विशिष्टिकृत अस्पताल बनाउन सकिए नेपाल बाहिरबाट पनि उपचारका लागि मानिसहरु आउने बताउनुभयो । विशिष्टिकृत उपचार गर्ने अस्पतालमा नेपालमा यो बाहेक अर्को नभएको उल्लेख गर्दै मन्त्री पौडेलले यस अस्पताललाई त्यस ढङ्गबाट विकास गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। मन्त्री पौडेलले डायलासिस उपचार सेवा वापत अस्पतालले सरकारबाट रु दुई हजार पाँच सय अनुदान प्राप्त गर्ने बताउनुभयो । नेपालको स्वास्थ्य क्षेत्रमा लायन्स क्लवले ठूलो सहयोग गरेको भन्दै सामाजिक उत्तरदायित्वमा क्लवको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्नुभयो। अस्पताललाई ३०० शय्या क्षमताको अस्पताल विस्तार गर्ने लागिएको उहाँको भनाइ थियो। मन्त्री पौडेलले दमौली अस्पताललाई ५० शयूयामा स्तरोन्नतिका लागि आफूले पहल गरिरहेको समेत जानकारी दिनुभयो। यसका लागि आवश्यक सबै प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने उहाँले बताउनुभयो। त्यस अवसरमा शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित, भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदी, म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ लगायतले डायलासिस केन्द्र सञ्चालनमा आएपछि मिर्गौला रोगीले सहज रुपमा सेवा पाउने विश्वास व्यक्त गर्नुभयो।

डायलासिस केन्द्र स्थापनाका लागि लायन्स क्लव इन्टरनेशनल ३२५ एल नेपालले सहयोग गरेको नेपालका क्याविनेट सचिव सुजित हिराचनल जानकारी दिनुभयो । त्यस्तै केन्द्र सञ्चालनका लागि शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका र म्याग्दे गाउँपालिकाले आर्थिक सहयोग गरेको छ । यस भेगमा डायलासिस केन्द्र नभएकाले मिर्गौलाका बिरामीलाई उपचार लिन दमौली वा अन्यत्रै जानुपर्ने बाध्यता थियो। केन्द्रमा सेवा लिनका लागि ३० जना बिरामीले नाम दर्ता गराइसकेको केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। उपचार केन्द्रमा सात वटा उपकरण जडान गरिएको छ । दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रको रुपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नाममा राष्ट्रिय स्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो। सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ।

अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा दिइरहेको छ। अस्पतालमा ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी, ल्याव, भिडियो एक्सरे, सामान्य शल्यक्रियालगायतका सेवा प्रवाह गरिरहेको छ।

## वनलाई समृद्धिको आधार बनाउनु पर्दछ-मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख



गण्डकी प्रदेशका वन तथा वातावरण मन्त्री भेषबहादुर पौडेलले प्राकृतिक श्रोत वन क्षेत्रलाई समृद्धिसंग जोड्नु पर्ने बताउनु भएको छ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशको दोश्रो परिषदको बिहीबार पोखरामा उद्घाटन गर्दै उहाँले प्रदेश सरकार वन पैदावार उपयोग नीति सर्वसुलव बनाउन प्रतिवद्ध रहेको बताउनुभयो । सरकारले दिगो वन व्यवस्थापन निर्देशिका तयार गरि रहेको जानकारी दिंदै उहाँले भन्नुभयो, यसले सम्पन्न वन भएका समुहसंग कर लिएर आर्थिक अवस्था कमजोर भएका वन समुहलाई सहयोग गर्ने नीति रहेको छ त्यसका लागि सवैको साथ र सहयोग अपरिहार्य छ । सामुदायिक वन समुहले संरक्षण र प्रवर्द्धनमा गरेको योगदानको उच्च कदर गर्दै उहाँले वनलाई रोजगारी र आयआर्जनसंग जोड्नका लागि आवश्यक जडिवुटी प्रशोधन केन्द्र, फर्निचर, प्लाई लगायतका विभिन्न उद्योग सञ्चालन गरेर विदेशी काठ तथा काठजन्य सामाग्री आयातलाई विस्थापित गर्नु पर्नेमा आवश्यक औल्याउनुभयो । मानव वन्यजन्तु द्धन्द पिडीतलाई एक करोड ७० लाख बरावरको क्षेतिपूर्ति वितरण गरेर जनतामा आशा जगाउन सफल भएको वताउँदै आवश्यक डकुमेण्ट पुरा भएका पिडीतलाई राहत उपलव्ध गराउन प्रदेश सरकार प्रतिवद्ध रहेको जानकारी दिनुभयो। सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रिय अध्यक्ष ठाकुर भण्डारीले उपभोक्ताले रगत पसिना खर्चेर संरक्षण गरेको वन उपयोगमा सरकारले सर्वसुलभ गर्नेतर्फ ध्यान नदिदा वन संरक्षणमा समेत चुनौति थपिदै गएको बताउनुभयो।

मुलुकमा वन क्षेत्रको विस्तार हुँदै जाँदा बन्यजन्तुको संख्यामा समेत वृद्धि हुँदा वन्यजन्तु वस्तिमा पसेर मानव तथा कृषि उत्पादनमा ठूलो नोक्सानी गर्दै आएको बताउँदै उहाँले भन्नुभयो वन्यजन्तु घटाउन तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्नेमा जोड दिनुभयो।

समृद्धिको बाधकको रुपमा देखिएको जङ्गली जनावरको व्यवस्थापन गर्नुपर्नेमा जोड दिंदै उहाँले बाघ प्रजनन केन्द्र खोलेर उत्पादन भएका बाध विश्व बजारमा विक्री गर्न सके अरवौ रुपैया आम्दानी गर्न सकिने बताउनुभयो। सरकारले वन समुहका कार्ययोजना नविकरण गर्नेतर्फ ध्यान दिनुपर्नेमा आवश्यकता औल्याउँदै उहाँले भन्नुभयो, सामुदायिक वनमा कर शुन्य वनाउन सरकार समक्ष माग गर्नुभयो । सामुदायिक वन क्षेत्रमा निर्माण हुने हाईड्रोपावर, केवुलकारको कारण चटपट, पानी, चिया पसल गरेर जिविकोपार्जन गर्दै आएका साना व्यापारिलाई विस्तापित हुनु परेको बताउँदै उहाँले त्यस्ता योजनाले स्थानीयवासिन्दालाई रोजगारी र शेयर दिनुपर्नेमा जोड दिनुभयो।

महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा महासंघ स्थायी सदस्य सरिता कुमाल, नरवहादुर गुरुङ,दोव बहादुर कार्की, केन्द्रिय सदस्य हरि बास्तोला, खुमप्रसाद सुवेदी, सिता खड्का, गैसस महासंघ गण्डकी प्रदेशका अध्यक्ष गोपाल खड्का, निजी तथा पारिवारिक वन प्रदेश अध्यक्ष सन्तु सुवेदी अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका अनिता श्रेष्ठ लगायतले वनको महत्व र उपभोक्ताले पुऱ्याउँदै आएको योगदानका बारेमा प्रकाश पार्नुभएको थियो । महासचिव आसु विश्वकर्माले पेश गर्नुभएको सांगठानिक र कोषाध्यक्ष लिला दवाडीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको परिषदमा उपाध्यक्षद्धय खगराज सापकोटा र किशोर सापकोटाले प्रदेशले गरेका गतिविधिबारेमा जानकारी गराउँनुभएको थियो।

## स्वस्थकर मासु खाऔं, जीवन बचाऔं

**मासु बारे:**
- याद राखौं ६० प्रतिशत भन्दा बढि मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ ।
- निरोगी पशुपन्छी मात्रै बध गरौं र चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलवाट मात्रै
- गरौं ।
- सम्भव भएसम्म बधस्थलमा बध गरिएको पशुपन्छीको मासु मात्रै उपभोग गरौं ।

**मासु खरिद**
- बध गरेका पशुपन्छीको भित्र्यांश र फोहोर राम्ररी व्यवस्थापन गरौं । वधशालाको फोहोरलाई सिधै पानीको श्रोतमा नफालौं ।
- छालासहित भन्दा छाला रहित मासु स्वास्थ्यका लागि उपयुक्त हुन्छ भन्ने कुराको हेक्का राखौं ।

**माछा बारे:**
- माछामा पाइने Omega-3 fatty acid ले मानसिक बिकासमा सहयोग पुर्याउनुका साथै anti–ageing का लागि महत्वपूर्ण रसायनको रुपमा प्रयोग गरिन्छ ।
- यसमा भिटामिन ए र भिटामिन बि २ प्रचुर मात्रामा पाइन्छ ।
- मुटुका बिरामीले समेत दैनिक २ पटक सम्म माछाको उपभोग गर्न सक्दछन् ।
- माछा खरिद गर्दा सकेसम्म जिवित माछा नै खरिद गर्दा बेस हुन्छ ।
- ताजा माछा र बासी माछा छुट्याउने तरिका सबै उपभोक्ताले जानेको बेस हुन्छ ।
- ताजा माछाको गिल्स उज्यालो रातो हुन्छ भने बासी माछाको हकमा खैरो र सिंगान लागेको जस्तो हुन्छ साथै ताजा माछाको शरिरमा औंलाले थिच्दा गड्दैन भने बासी माछाको हकमा औंला गडेको डाम बस्छ ।

**अण्डा बारे:**
- सम्पूर्ण पोषक तत्वको एक प्याकेज अण्डाको नियमित सेवन गरौं ।
- प्रोटिन, फ्याट, भिटामिन ए, बि, डि तथा फोसफोरस र सेलेनियमको एउटै भरपर्दो श्रोतका रुपमा अण्डालाई लिइन्छ ।
- दिनको दुईवटा अण्डा सेवन गर्दा शरिरलाई दैनिक चाहिने झण्डै आधा प्रोटिनको परिपूर्ति हुन्छ बालवृद्ध, गर्भवति, सुत्केरी जस्ता सबै शारिरिक अवस्थाका व्यक्तिका लागि अण्डा सहजै पाच्य प्रोटिनको रुपमा उपलब्ध गराउन सकिन्छ ।
- मासु भन्दा सुपथ मुल्यमा उपलब्ध हुने भएकाले दैनिक उपभोग गर्न सकिन्छ ।
- प्रोटिनको प्याकेज अण्डा, दैनिक दुइटा खानामा तागत र स्फूर्ति बढ्नेछ सधै सबैको ज्यानमा ।

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

# भारतीय टोली नेपाल पुलिससँग सोझो सेटमा पराजित

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

पोखरामा बिहीबारदेखि सुरु भएको प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिताअन्तर्गत पहिलो दिनको दोस्रो खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ।



भारतीय टोलीलाई पराजित गर्दै पुलिसले विजयी यात्रा सुरु गरेको हो। पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको समूह 'बी' अन्तर्गतको खेलमा पुलिसले भारतीय टोलीलाई ३-० को सोझो सेटमा पराजित गरेको हो। निकै प्रतिस्पर्धात्मक पहिलो सेटमा पुलिसले भारतीय टोलीमाथि २५–२३ ले जित हासिल गर्‍यो। दोस्रो सेट र तेस्रो सेट भने पुलिसले सहज जित निकाल्यो। पुलिसले दोस्रो सेट २५–१६ र तेस्रो सेट २५–२० ले जित निकाल्न सफल रह्यो।

यसअघि बिहीबारनै भएको समूह 'ए' अन्तर्गतको पहिलो खेलमा इरानी टोलीले सशस्त्र प्रहरी बल (एपिएफ) लाई ३-१ को सेटमा पराजित गरेको थियो। लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा आजदेखि सुरु भएको प्रतियोगिताको दोस्रो दिन भोलि पहिलो खेल इरानी टोली र गण्डकी प्रदेशबिच हुनेछ। उक्त खेल बिहान ११ बजे सुरु हुनेछ।

शुक्रबारको दोस्रो खेल भारतीय टोली र त्रिभुवन आर्मी क्लबबिचको खेल दिउँसो एक बजेबाट सुरु हुनेछ। प्रतियोगितामा सहभागी ६ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा इरानी टोली, एपीएफ र गण्डकी प्रदेश छन्। भने समूह 'बी' मा भारतीय टोली, त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब छन्। दुवै समूहबाट शीर्ष दुईमा रहने टोलीले सेमिफाइनल खेल्नेछन्। फाइनल खेल बैशाख २२ गते हुनेछ।

प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४४४ र उपविजेताले २ लाख ४४ हजार ४४४ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ। तेस्रो हुने टोलीले १ लाख ४४ हजार ४४४ पाउनेछ। सर्वोत्कृष्ट खेलाडीलाई १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेहरूलाई ८ हजार ४४४ रुपैयाँ प्रदान गरिने डिष्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले जानकारी दिए।

# गुणस्तरीय र प्रविधिमैत्री शिक्षाले मात्र समृद्ध नेपाल सम्भव : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले शिक्षा क्षेत्रमा गुणस्तर र नवप्रवर्तन आवश्यक रहेको बताएका छन्।




विहिबार पोखरा लिङ्कन इन्टरनेशनल कलेजको स्नातक बधाई समारोहमा उनले यस्तो बताएका हुन्। "समयअनुकूल शिक्षामा रूपान्तरण आवश्यक छ। शिक्षक र विद्यालयले मात्र होइन, अभिभावकले पनि शिक्षामा सक्रिय भूमिका खेल्नुपर्छ।", उनले भने। मन्त्री थापाले विद्यालय शिक्षा ऐन संघ सरकारले ल्याएपछि प्रदेश सरकारले आफ्नो कानुन बनाउने जानकारी दिए। उनले शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले फ्राइडे फर फ्युचर, सिक्दै कमाउँदै र अभिभावक शिक्षा जस्ता कार्यक्रमहरू ल्याइएको उल्लेख गरे। "शिक्षा अब केवल किताबी ज्ञानमा सीमित रहनु हुँदैन। प्रविधिमैत्री शिक्षाले मात्रै नेपाललाई बस्न योग्य, सीपयुक्त, र आत्मनिर्भर बनाउँछ", उनले भने। मन्त्री थापाले उद्यमशीलता विकासका कार्यक्रमलाई प्राथमिकता दिँदै शिक्षालाई आत्मनिर्भर बनाउन आवश्यक रहेको बताए। स्नातक कार्यक्रममा सहभागी भएका विद्यार्थीलाई शुभकामना दिँदै उनले नेपालमै अपार सम्भावना रहेको र युवाहरूले पढाइसँगै सीप विकासलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरेका छन्। कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्ति, विद्यार्थी, शिक्षक र अभिभावकहरूको उपस्थिति रहेको थियो। कलेजले समेत भविष्यमा गुणस्तरीय र व्यवहारिक शिक्षाको विस्तार गर्ने प्रतिबद्धता जनाएको छ।

# गुरुकुल तथा वेद विद्याश्रम मानवीय धर्म र चेतनालाई उजागर गर्ने स्रोत हुन्: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले प्राचीन गुरुकुलीय शिक्षण विधि ज्यादै महत्वपूर्ण र अनुसन्धानमूलक भए पनि पछिल्लो समय मानिसहरू परम्परागत ज्ञानबाट टाढा बन्दै गएकोमा चिन्ता व्यक्त गर्नुभएको छ।



धर्म, संस्कृति, संस्कार चालचलन, शिष्टाचार एवं नैतिक विद्यामा अहिलेको पुस्ता उदासिन भएको उहाँको गुनासो छ। ब्रह्मचर्या आश्रम समितिद्वारा सञ्चालित महर्षि गुरुकुल वेद विद्याश्रम परिसरमा नवनिर्मित शिव पाञ्चायन मन्दिर एवं यज्ञशाला, गायत्री मन्दिर प्राण प्रतिष्ठा तथा शिव महिमाले भरिपूर्ण श्री लिङ्ग महापुराण ज्ञान यज्ञमा प्रमुख अतिथि भट्टले यस्तो बताउनुभएको हो। उहाँले भन्नुभयो -'गुरुकुल आशाका केन्द्र हुन्। भरोसाका दृढ विश्वास हुन्। संस्कार सिकाउने कर्मस्थल हुन्। मानवीय धर्म र चेतनालाई उजागर गर्ने स्रोत हुन्। यिनको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो।' आजको शिक्षामा नैतिकता, आदरभाव, सम्मान, संस्कृति र संस्कारलाई मानमर्यादा गर्ने परम्पराको अभाव देखिएकाले यसलाई पूर्ति गर्न नैतिक शिक्षा वा संस्कृत शिक्षालाई अनिवार्य विषयका रूपमा पाठ्यक्रमभित्र समावेश गर्नुपर्ने खाँचो उहाँले औंल्याउनुभयो। 'गुरुकुल शिक्षाको केन्द्र मात्र नभई विद्याका केन्द्र पनि हो। गुरुकुललाई जीवन्त बनाउन र त्यसमा रहेको जनशक्तिलाई नेपालको शिक्षा नीतिसँग जोड्न अनिवार्य छ' उहाँले भन्नुभयो- 'पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत गरिएको पाठ्यक्रम अध्यापन गराएर मूल शिक्षाको धारमा गुरुकुललाई ल्याउने सरकारको शिक्षा नीति छ। जसले गुरुकुल, गुम्बा र मदरसालाई समेट्न प्रयास गरेको छ।' पञ्चदिवसीय कार्यक्रममा कलश यात्रासहित देव रथयात्रा, ज्ञान यज्ञ एवम् मन्दिर प्राण प्रतिष्ठा शुभारम्भ, महाआराती, पूर्णाहुती, दानदाता सम्मान लगायत कार्यक्रम भइरहेको छ।

# जनप्रिय क्याम्पसको प्रशासनिक भवनको तेस्रो तल्ला हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

विश्वविद्यालय अनुदान आयोग (युजिसी) को आर्थिक सहयोगमा जनप्रिय बुहुमुखी क्याम्पसको प्रशासनिक भवनको तेस्रो तल्ला निर्माण सम्पन्न भई विहीबार हस्तारन्तरण भएको छ।



क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले गुणस्तरीय उच्चशिक्षा र भौतिक पूर्वाधार विस्तारलाई निरन्तरता दिने क्याम्पसको योजनालाई युजिसीको आर्थिक अनुदानले टेवा पुगेको बताउँदै धन्यवाद र आभार व्यक्त गरे। विजुक्छेले जनप्रियलाई पूर्णतय डिजिटल क्याम्पसका रूपमा विकास गर्ने उद्धेश्य भएकाले डिजिटल ल्याब, स्टुडियो, डकुमेन्ट्री हल, ई लर्निङ क्लास आदिका लागि निर्माण सम्पन्न तेस्रो तल्लालाई प्रयोग गर्ने बताए।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले स्वागत मन्तव्य राख्दै युजिसीको आर्थिक सहयोग १ करोड भएपनि ९२ लाख ७० हजार ५ सय १५ रुपैयाँको लागत खर्चमा भवन निर्माण सम्पन्न भएको जानकारी दिए। भवन निर्माण कार्यमा सुशासन र पारदर्शिताको मर्मलाई आत्मसात गर्दै आगामी दिनमा आयोगबाट प्राप्त अनुदानलाई थप प्रभावकारी बनाउने बताए। फ्रस्ट ग्रुप अफ कन्ट्रक्सन प्रा.लि.का विजयनाथ उपाध्यायले विद्युतीय टेन्डरमार्फत समय सिमाभित्रै निर्माण कार्य सम्पन्न गरी भवन हस्तान्तरण गर्दा क्याम्पस प्रशासनबाट प्राप्त पूर्ण सहयोगले कुनै झमेला व्यहोर्न नपरेकोले खुशी व्यक्त गरे। क्याम्पस सञ्चालक सञ्चालक समितिका उपाध्यक्ष ध्रुवराज चालिसे, कोषाध्यक्ष गणेशबहादुर अधिकारी, सदस्य परशुराम बराल, युवराज पराजुली, रंगिला आचार्य, पुष्पराज सिग्देल, रामप्रसाद बस्ताकोटी, विजयराज आचार्य, देवी पनेरु, उपप्रशासक एकनारायण अर्याल लगायतका व्यक्तिले युजिसीको आर्थिक अनुदानप्रति आभार व्यक्त गर्दै सामुदायिक क्याम्पसको भौतिक पूर्वाधार विस्तारले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

# अर्थतन्त्रलाई चलायमान बनाउने बजेट ल्याउन माग

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

पोखरामा बुधबार आयोजित कार्यक्रमका सहभागी उद्योग व्यवसायीहरूले सुस्ताएको अर्थतन्त्रलाई गति दिने बजेट ल्याउन माग गरेका छन्।

पोखरा भ्रमणमा रहेको सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घको प्रतिनिधिमण्डलसँग भएको अन्तर्क्रियाका वक्ताहरूले अर्थतन्त्रलाई गतिशिल बनाउने किसिमको बजेट अहिलेको आवश्यकता औंल्याए।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निजी क्षेत्र तथा लगानीमैत्री हुनुपर्नेमा जोड दिनुभयो। अर्थतन्त्रलाई गति दिने खालका नीति तथा कार्यक्रमले मात्र निजी क्षेत्र उत्साहित हुने बताउँदै उहाँले यसतर्फ सरकारको ध्यान आकृष्ट हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। पोखराको पर्यटन उद्योगलाई चलायमान बनाउने खालका कार्यक्रमको अपेक्षा राखिएको उल्लेख गर्दै उहाँले पोखरा उद्योग वाणिज्य सङ्घले यहाँको शिक्षा, स्वास्थ्य, पर्यटनको विकास तथा कृषिको व्यवसायीकरणका निम्ति निरन्तर पैरवी गर्दै आइरहेको बताउनुभयो।

आफूहरूले निजी क्षेत्रको हितमात्र नभई समग्र पोखराको विकासका निम्ति पनि उत्तिकै क्रियाशिल रहेको जानकारी गराउनुभयो। सिन्धुपाल्चोकका व्यवसायीसँग रहेको हिमालपार व्यापारको अनुभव र त्यसको महत्वबारे उल्लेख गर्दै उहाँले गण्डकी प्रदेशको कोरोला नाका सुचारु हुँदा समग्र गण्डकी क्षेत्रका व्यवसायीको निम्ति नयाँ सम्भावनाको ढोका खुल्ने धारणा राख्नुभयो।

कोरोलामा नेपालतिर खासै भौतिक संरचना नबने पनि चीनसँग आयात र निर्यातको काम गर्ने अवसर आएको उहाँको भनाइ छ। सिन्धुपाल्चोक उद्योग वाणिज्य सङ्घका अध्यक्ष बुद्धराज बस्नेतले अहिले खासा र रसुवा नाकाबाट निर्यातभन्दा बढी आयात मात्र हुने गरेको जानकारी दिँदै आयातमा आधारित अर्थतन्त्रलाई निर्यातमुखी बनाउनुपर्ने धारणा राख्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घले जिल्ला तथा नगर उद्योग वाणिज्य सङ्घका समस्याप्रति बढी ध्यान दिनुपर्ने भन्दै उहाँले महासङ्घमा वास्तविक समस्या बुझेको व्यक्ति नेतृत्वमा आउनुपर्ने धारणा राख्नुभयो। पोखरा उद्योग वाणिज्य सङ्घका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले देशैभरका उद्योगी/व्यवसायीहरू अहिले एउटै समस्याले पीडित भएको बताउँदै सुस्ताएको बजार चलायनमान बनाउन सरकारलाई निरन्तर दबाब दिनुपर्ने धारणा राख्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घलाई मोफलसका समस्याप्रति गम्भीर बनाउनका निम्ति जिल्ला तथा नगर उद्योग वाणिज्य सङ्घहरूको एकताबद्ध प्रयास आवश्यक रहेको उहाँको भनाइ छ। कार्यक्रममा पोखरा उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, उपमहासचिव सुदीप प्रधानाङ्गलगायतले उद्योगी व्यवसायीका समस्यालाई समाधान गर्ने गरी बजेट आउनुपर्ने धारणा राख्नुभयो।

# कोटीहोममा भारतका दार्शनिक प्रशान्त कृष्ण परांकुश आउँदै

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

पोखरामा ऐतिहासिक श्री गण्डकी शतकुण्डीय कोटीहोम विराट् ज्ञान महायज्ञ १४औं दिनसम्म जारी छ। कोटीहोम महायज्ञको औपचारिक उद्घाटन भने बुधबार गरिएको थियो। आज १४औं दिनमा चर्चित अन्तर्राष्ट्रिय कथा वाचिका देवी प्रतिभाले श्रीमद्भागवत कथा वाचन सकेकी छन्।

शुक्रबारदेखि भारतका चर्चित युवा दार्शनिक एवं कथा वाचक प्रशान्त कृष्ण परांकुशले राम कथा वाचन गर्ने आयोजक मानव सेवा फाउण्डेशन तथा कोटीहोमका प्रचारप्रसार संयोजक लेखराज ढकालले जानकारी दिए। कथा वाचिका देवी प्रतिभाले 'यो कोटीहोममा मेरो अन्तिम प्रस्तुति हो, मैले सुनाएका कथाले तपाईंहरु प्रशन्न हुनुभो ?' भनेर प्रश्न गर्दा भक्तजनले ठूलो स्वरमा 'हामी निकै खुशी भयौं, तपाईं अझै बसेर हामीलाई अन्य कथा पनि सुनाउनु' भनेका थिए। संयोजक ढकालका अनुसार बिहीबार देवी प्रतिभाद्वारा प्रस्तुत अन्तिम दिनको श्रीमद्भागवत कथा श्रवण गर्न करिब १० हजार पाँच सय भक्तजन सहभागी थिए। भक्तजनको सहभागिता बढ्दै गएको र अर्थ संकलन कार्य पनि बढिरहेको बताइएको छ। बिहीबार पोखरा बिरौटाका दिनेश कार्कीका परिवारजनले ५१ हजार एक सय ११ रुपैयाँ दान गरेका छन्। कोटीहोमको १४औं दिनमा भारतका डा. विश्वासनन्द, राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश प्रमुख लक्ष्मण देवकोटा, अन्नपूर्ण केबलकारका प्रबन्धक दिनेश पौडेललगायतका व्यक्तित्व सहभागी थिए। अन्नपूर्ण केवलकारका प्रवन्धक पौडेलले कोटीहोमका भक्तजनलाई केबलकारसम्म जानका लागि निःशुल्क बस सेवा उपलब्ध गराउने प्रतिवद्धता जनाएका छन्। कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी भारतका के के शर्माले पोखरामा आयोजित कोटीहोम संसारमा अहिलेसम्म भएका यज्ञभन्दा विशाल भएको बताए। उनले यो कोटीहोमले विश्वमा नै नेपालको चर्चा भएको बताए। उनले भने, 'नेपालको कोटीहोम भनेर निकै चर्चा गरिएको छ।' कोटीहोमका संकल्पकर्ता विजय कृष्णमूर्तिले यस प्रकारको यज्ञ अहिलेसम्म कहीं कतै नभएको र भविष्यमा पनि हुन नसक्ने दावी गरे। कोटीहोम २०८२ जेठ २६ गतेसम्म पोखरा महानगरपालिका वडा नं. १७ स्थित सदाशिवजी सिद्देश्वर हरिहर मन्दिरको जग्गा र आपपासका स्थानीयको जग्गामा सञ्चालन हुनेछ। कोटीहोममा श्रीमद्भागवत कथा, राम कथा, शिवमहापुराण कथा, हनुमत कथा, श्रीमददेवी भागवत कथा वाचन हुनुको साथै लाखौंको विवाह, ब्रतवन्ध, चौरासी पूजा, तुलादान, प्रत्येक नेपालीको नाममा कोटी दीप, तीन सय भन्दा बढी ब्राह्मण गुरुको दैनिक उपस्थिति, लाखौं रामनाम पुस्तिका वितरण गरी अरबौं रामनाम लेखिने र एक करोड शिवलिङ्ग स्थापना गरी एक करोड बेलपत्रद्वारा पुजन गरिने जनाइएको छ। सो अवसरमा ११ हजार कलश पुजन भएको छ भने राष्ट्रिय भजन प्रतियोगिता, कवि तथा सन्त सम्मेलन, धार्मिक संघसंस्थाको सम्मेलन, २५ हजार नरिवलको भोग, कन्या पूजा, ज्येष्ठ नागरिक सम्मान, गण्डकी प्रदेशका एक हजार बढी स्रष्टा सम्मान, शालिग्राम पुजन, चित्रकला प्रतियोगिता, रक्तदान, तन्दुलाञ्चल र धान्याञ्चल पर्वतको निर्माण, धार्मिक क्षेत्रसँग सम्बन्धित वक्तृत्वकला प्रतियोगितालगायतका कार्यक्रम गरिने भएको छ।

**Teachers Wanted**

A computer teacher is urgently wanted for basic level.

Contact: 9846029486
gurungsameer54@gmail.com

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।

- जर्ज बार्वर

## सम्पादकीय

# सरकार र शिक्षक सहमति कार्यान्वयन होस

सरकार र शिक्षक महासंघबिच १५ असारमा विद्यालय शिक्षा ऐन ल्याउने वाचापछि शिक्षक महासंघको आन्दोलन स्थगित भएको छाआन्दोलनको मुल मुद्दा बनाइएको शिक्षा ऐन असार १५ भित्र प्रतिनिधिसभाबाट पारित गर्ने ग्यारेन्टीसँगै सेवा-सुविधासम्बन्धी नौबुँदे सहमति भएको छ । सहमतिसँगै २९ दिनदेखि चलिरहेको शिक्षक आन्दोलन पनि बिहीबारबाट अन्त्य हुने घोषणा महासंघले गरेको छ । शिक्षामन्त्री रघुजी पन्त, गृहमन्त्री रमेश लेखक, संसद्को शिक्षा समिति सभापति अम्मरबहादुर थापा, सत्तारूढ दुई ठुला दल कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे र एमाले प्रमुख सचेतक महेश बर्तौलासँग शिक्षक महासंघका प्रतिनिधिले सिंहदरबारमा बुधबार ६ घण्टासम्म छलफल गरेपछि सहमति भएको हो । महासंघका तर्फबाट अध्यक्ष लक्ष्मीकिशोर सुवेदी, सहअध्यक्ष नानुमाया पराजुली महासचिव तुलाबहादुर थापालगायत सहभागी थिए ।

काठमाडौंको निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीको उपचारमा सहुलियत दिने, अस्थायी प्रकृतिका शिक्षकको बिरामी बिदा सञ्चित हुने र सोबापतको रकम सेवाबाट अलग हुँदा एकमुस्ट दिने सहमतिमा उल्लेख छ । त्यस्तै, प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक सरकारबाट तोकिएबमोजिम व्यवस्था गर्ने, आर्थिक वर्ष ०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्रावि तृतीय, प्रावि द्वितीय, निमावि तृतीय र मावि प्रथम श्रेणीका शिक्षकका लागि निजामतीसरह ग्रेड संख्या र रकम कायम गर्ने पनि सहमतिमा उल्लेख छ । स्थायी तथा अस्थायी प्रकृतिका कोटाका सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने, निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने, सरकारको मर्यादाक्रम सूचीमा शिक्षकलाई समावेश गर्ने, शिक्षक आन्दोलनमा घाइते शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा कर्मचारीको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने पनि सहमति भएको छ । त्यस्तै, निमावि प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रड मावि द्वितीय श्रेणीका शिक्षकसरह हुने गरी कायम गर्ने सहमतिमा उल्लेख छ ।

मन्त्रिपरिषद् बैठकबाट सहमतिलाई अनुमोदन गरेर पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको छ । शिक्षामन्त्री पन्तले नौबुँदे सहमति छिट्टै कार्यान्वयन गर्ने र ऐन तोकिएको मितिभन्दा छिटो ल्याउने प्रतिबद्धता जनाएका छन । "मन्त्रिपरिषद्ले गरेको निर्णय सरकारको प्रक्रियाअनुसार कार्यान्वयन हुन्छ, यसबिचमा भएको नोक्सानी शिक्षकहरूले पूरा गर्ने भएका छन ।' यसअघिका सम्झौता उधारो भए पनि यसपटक नगदै पाएका छन।कर्मचारी र बालविकासका असन्तुष्ट छन।शिक्षक महासंघको नेतृत्वसंग असन्तुष्टहरुले आन्दोलन जारी राख्ने धम्की दिएका छन । शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले पनि सरकारले ऐन ल्याउने मिति तोकेको र मन्त्रिपरिषद्ले पनि शिक्षकका कामसँग सम्बन्धित निर्णय गरेकाले आन्दोलन छाडेर सबै शिक्षक बिहीबारदेखि शैक्षिक कर्ममा लाग्ने बताएका छन । '१५ असार ०८२ मा प्रतिनिधिसभाबाट विद्यालय शिक्षा ऐन पास गर्ने एउटा निश्चित मितिमा सत्ता पक्षसँग विश्वास गरेका छन।यो पुरा गर्ने जिम्मेवारी सत्तापक्षको हो । शिक्षकहरूको प्रमुख माग नै शिक्षा ऐन हो। शिक्षक महासंघले ऐन तत्काल ल्याउनुपर्ने माग राखेर आन्दोलन थालेको थियो । तर, ऐन ल्याउने 'डेटलाइन' १५ असारलाई तोकेर उनीहरूले सहमति गरेका छन् । सत्तारूढ दुई ठुला दल कांग्रेसका प्रमुख सचेत श्याम घिमिरे र एमाले प्रमुख सचेतक महेश बर्तौला तथा संसद्को शिक्षा समिति सभापति अम्मरबहादुर थापाले १५ असारभित्र ऐन ल्याउने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् ।

आमशैक्षिक हडताल तथा सडक प्रदर्शनका सबै कार्यक्रम स्थगित गरेका छन। विद्यालय भर्ना, नियमित कक्षा सञ्चालन, परीक्षासम्बन्धी सबै काम गर्न-गराउनुहुन सबैमा शिक्षक महासंघले अनुरोध गरेको छ। साथै, तोकिएको समयमा ऐन जारी नभएमा नेपाल शिक्षक महासंघ फेरि अहिलेभन्दा कडा सडक आन्दोलनमा जान बाध्य हुने चेतावनी पनि दिएको छ । सरकारले शिक्षकसँगका सहमति कार्यान्वयन गर्दा आठ अर्ब आर्थिक भार थपिने आकलन गरेको छ । नौ बुँदा कार्यान्वयन गर्दा झन्डै आठ अर्ब खर्च हुन्छ, तर यो कार्यान्वयन हुन्छ,' शिक्षामन्त्री पन्तले विश्वास दिलाएका छन। सरकारको आकलनमा सबैभन्दा धेरै खर्च शिक्षकको स्वास्थ्य उपचारमा हुनेछ। त्यस्तै, अस्थायी शिक्षक (राहत, अस्थायी/करार साबिक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ता) को बिरामी बिदा सञ्चित हुने र उक्त रकम सेवाबाट अलग हुँदा एकमुस्ट दिने भनिएको छ। यसमा ठुलो खर्च हुने देखिन्छ। पहिला यिनै विषयमा सहमति हुन नसक्दा शिक्षामन्त्री विद्या भट्टराईले राजिनामा दिएकी थइन। आन्दोलनकारी र अर्थमन्त्रीको सहयोग नपाउँदा राजिनामा दिने अवस्था आएको थियो । निवर्तमान शिक्षामन्त्रीले तयार गरेका बुँदामा सहमति गर्नेहरुले इमान्दार मन्त्रीलाई राजिनामा गर्न बाध्य पारेका छन।आन्दोलनकारीलाई जस भन्दा अपजस र गाली शुरु भएको छ । सरकारसंग माग राख्नेले विभागीय मन्त्रीलाई नटेरे जाँदा इमान्दारले राजनीति गर्न सक्दैनन् भन्ने सन्देश गएको छ । मन्त्री बनेको केही दिनमै आन्दोलनकारीलाई सहमतिमा ल्याउन र त्यसको लागि वातावरण बनाउन रघुजी पन्त सफल भएका छन । अब सबैको ध्यान सार्वजनिक शिक्षाको सुधारमा केन्द्रीत हुनुपर्नेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : आर्थिक समस्या |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ऋषिङको दिउली खोलामा पुल निर्माण सुरु

पोखरापत्र संवाददाता
तनहुँ, १८ बैशाख

यहाँको ऋषिङ गाउँपालिका-१ र ३ जोड्ने दिउली खोलामा पक्की पुल निर्माण सुरु गरिएको छ । सङ्घीय सशर्त अनुदान अन्तर्गत रु तीन करोड ८५ लाख ९३ हजार लागतमा पुल निर्माण सुरु गरिएको हो ।

पुल सम्पन्न भएपछि जिल्लाका ऋषिङ, व्यास र देवघाट गरी तीन स्थानीय तहका बासिन्दा लाभान्वित हुने छन् । तीन पालिकाका करिब ४०० घरधुरीलाई आवतजावतमा सहज हुने गाउँपालिकाका इन्जिनियर श्रीकृष्ण खनालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पुल बनेपछि दमौलीबाट दिउली खोला पुल हुँदै देवघाटको दुबुङ र खाल्टे पुग्न सहज हुनेछ ।" पुल निर्माणको जिम्मा पशुपति आर्कडी असेस जेभीले पाएको छ । हाल पुलको एउटा पिल्लर निर्माण भइसकेको र अर्को छेउको पिल्लर निर्माण भइरहेको पालिकाका न्जिनियर अखिल सुबेदीले बताउनुभयो । उहाँका अनुसार ४० मिटर 'स्पान प्रिस्ट्रेस्ड क्रङ्क्रिट' प्रविधिबाट पुल निर्माण गर्न लागिएको हो । पुलको हालसम्म वित्तिय प्रगति ३० प्रतिशत र भौतिक प्रगति ४० प्रतिशत छ । विसं २०८० माघ २३ मा सम्झौता गरी पुल निर्माण सुरु गरिएको हो । यहाँ पुल नहुँदा ऋषिङका बासिन्दाले समस्या भोग्दै आएको प्रमुख प्रशासकीय अधिकृत अनिल अम्गाइले बताउनुभयो ।

# तनहुँ जलविद्युत् आयोजना प्रभावितलाई क्षतिपूर्ति वितरण

पोखरापत्र संवाददाता
तनहुँ, १८ बैशाख

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा विस्फोट गर्दा क्षति भएकामध्ये ९४ प्रतिशत परिवारलाई क्षतिपूर्ति वितरण गरिएको छ ।

चरण-१ अन्तर्गतका संरचना निर्माणका क्रममा विस्फोट गर्दा आयोजना आसपासका क्षेत्रमा पुगेको असर तथा क्षति पुगेका परिवारलाई आयोजनाले क्षतिपूर्ति रकम वितरण गरेको हो । ऋषिङ-१ र व्यास नगरपालिका-५ का गरी एक सय ४७ परिवारका घर तथा संरचनाको क्षति निर्धारण गरेपश्चात एक सय ३९ परिवारलाई रकम वितरण गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार बाँकी परिवारको रकम वितरणको प्रक्रियामा छ । भण्डारीले क्षति भएका घरको अनुगमन पश्चात अधिकतम रु तीन लाख र न्यूनतम रु दश हजार क्षतिपूर्ति बापत रकम तोकिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयले गठन गरेको समितिले निर्धारण गरेबापतको रकम वितरण गरिएको छ । छ प्रतिशत परिवारले मात्रै रकम बुझ्न बाँकी छ ।"

संरचना निर्माण गर्दा घरमा क्षति पुगेको भन्दै स्थानीयबाट निवेदन आएपछि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा पूर्वाधार विकास कार्यालयका इञ्जिनियर, आयोजनाका इञ्जिनियरलगायत सदस्य हुनुहुन्छ । आयोजनाको चरण-१ अन्तर्गत बाँधलगायत संरचना निर्माण भइरहेको छ । यस चरणअन्तर्गतका संरचनाको निर्माण सोङ्दा कालिका जेभीले गरिरहेको छ । हालसम्म ४२ दशमलव पाँच प्रतिशत प्रगति भएको प्रमुख भण्डारीले उल्लेख गर्नुभयो । यसअन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माण गर्न पूर्वतयारीका कार्य भइरहेका छन् । भण्डारीका अनुसार बाँधको जग निर्माणस्थलमा जम्मा भएको पानी फाल्ने, टावर क्रेन जडानलगायत कार्य सम्पन्न गरिएको छ। उहाँले भन्नुभयो, "बाँध निर्माणस्थलको तल्लो तटीय क्षेत्रमा सफा गर्न, ड्रिलिङ, कङ्क्रिटिङ र माथिल्लो तटीय क्षेत्रमा ड्रिलिङ, ग्राउटिङलगायत काम जारी छ।"

# म्याग्दीमा पशुपालन गर्ने घट्दै

पोखरापत्र संवाददाता
म्याग्दी, १८ बैशाख

वैदेशिक रोजगारी, युवा पुस्तामा पुशपालनप्रति आकर्षण नहुनुलगायत कारणले पछिल्लो समय जिल्लामा पशुपालन गर्नेको सङ्ख्या घट्न थालेको छ।

युवाहरू अवसरको खोजीमा जिल्ला तथा मुलुक बाहिर जाने, गाउँघरमा ज्येष्ठ नागरिक मात्र हुने, वनजङ्गलमा आहारको कमीलगायत कारणले पशुपालन गर्नेको सङ्ख्या घट्न थालेको हो । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका अनुसार म्याग्दीमा पछिल्ला केही वर्षयता गाई र भैंडा, बाखासँगै पशुपालक किसानको सङ्ख्या पनि घट्दै गएको छ । युवाहरू शिक्षा, रोजगारीको खोजीमा विदेशिने, गाउँघरमा भएका जेष्ठ नागरिक वनजङ्गलमा पुगेर पशुको आहरा व्यवस्थापन गर्न नसक्ने, वनमा आहार अभाव हुनेलगायत कारणले पशुपालक किसानको सङ्ख्या घट्दै गएको केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले बताउनुभयो । गाउँघरमा घुम्तीगोठ सञ्चालन गर्न नसकेपछि पशुपालन पेसाबाट पलायन हुने क्रम बढेको उहाँको भनाइ छ । "युवाहरू विदेश पलायन हुँदा पशुपालन पेसा विस्थापित हुने मुख्य चुनौती बनेको छ", रेग्मीले भन्नुभयो, "पशुपालनमा युवा वर्गको आकर्षण छैन, गोठ र फार्म सञ्चालन गरेका किसान पनि पेसाबाट विस्थापित भएर विदेश पलायन भएका छन् ।" आर्थिक वर्ष २०७९/८० मा १८ हजार ५६७ भैंडा र ६१ हजार ४२४ वटा बाखा रहेका म्याग्दीमा आव २०८०/८१ मा भैंडा १७ हजार ५६५ र बाखा ६० हजार ४२३ मा झरेको केन्द्रले जनाएको छ।

सबैभन्दा बढी गाईगोरु पालक किसान घटेपछि आव २०७९/८० मा १९ हजार ९८९ वटा गाईगोरु, तीन सय ६२ वटा याकनाक रहेकामा आव २०८०/८१ मा १७ हजार ७९ वटा गाईगोरु र तीन सय १५ वटा याकनाक रहेका केन्द्रका सूचना अधिकारी रेग्मीले जानकारी दिनुभयो । घरायसी दूध, घ्यू उपभोगका लागि घरघरमा भैंसीपालन गर्ने चलन कायम रहेकाले भैंसीको सङ्ख्या स्थिर देखिएको छ । पछिल्लो दुई वर्षमा म्याग्दीमा पालिएका भैंसीको सङ्ख्या २५ हजार १४५ रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । अघिल्लो पुस्ताका मानिस वृद्धवृद्धा भएपछि घुम्तीगोठमा बर्खामा लेक र हिउँदमा बैंसी गरेर ठूलो सङ्ख्यामा पशुपालन गर्ने क्रम घटेको हो । धवलागिरि गाउँपालिका-३ मुनाका ८० वर्षीय लिलबहादुर पुनले छोरानातीले चासो नदेखाएपछि चार पुस्ता अघिदेखि घुम्तीगोठमा गर्दै आएको भैंडाबाखा पालनबाट विस्थापित हुनुपर्ने अवस्था आएको बताउनुभयो ।

# ने.रे.सो.पोखरा-२६ उपशाखामा शुभकामना आदान-प्रदान

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

नेपाल रेडक्रस सोसाइटी पोखरा-२६ उपशाखामा नव बर्ष-२०८२ को अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा २६ चापाकोचौरमा आयोजनागरिएकोसोशुभकामना कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाबाट नवनिर्वाचित समितिलाई स्वागत, २०८२ को भित्तेपात्रो विमोचन तथा परिचयात्मक कार्यक्रम समेत गरिएको थियो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाकी नवनिर्वाचित सभापति तथा कार्यक्रमका प्रमुख अतिथि उर्मिला खड्काले रुख रोपेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

सभापति खड्काले रेडक्रस एक मानविय सेवा गर्ने सामाजिक संस्था रहेको बताउनुहुदै यसका सात सिद्धान्तमा निहित रही सेवा गर्नु नै सच्चा रेडक्रसकर्मी रहेको बताउनुभयो । कार्यक्रममा निवर्तमान सभापति डण्डराज शर्मा, पोखरा-२६ का जनप्रतिनिधि तिर्थ बहादुर राजभाट, उपशाखाका पूर्व सभापति तथा पूर्व वडा अध्यक्ष नारायण प्रसाद बराल, पूर्व सभापति चन्द्र बहादुर रानाभाट, सल्लाहकार झलकपाणी तिवारी, इश्वरी प्रसाद अधिकारी, सामाजिक व्यत्तित्व हेममोहन भट्टराई, युवा सर्कल पोखरा-२६ का अध्यक्ष बिकास रानाभाट लगायतले रेडक्रसको कार्यक्रम माथि धारणा राख्नुभएको थियो । कार्यक्रममा आजिवन सदस्यता प्राप्त गर्नुहुने सदस्यलाई प्रमाणपत्र सहित सम्मान गरिएको थियो ।

नेपाल रेडक्रस सोसाइटी पोखरा-२६ उपशाखाका सभापति अम्बिका मोहन भट्टराईको अध्यक्षतामा भएको सो कार्यक्रममा स्वागत मन्तव्य उपशाखाका उपसभापति प्रमिला बरालले राख्नुभएको थियो भने कार्यक्रमको संचालन सचिव महादेव ढुंगानाले गर्नुभएको थियो ।

# गुर्जामा सामुहिक तरकारीखेती

पोखरापत्र संवाददाता
म्याग्दी, १८ बैशाख



धवलागिरि गाउँपालिका-१ गुर्जाका किसानले सामूहिक तरकारीखेती सुरु गरेका छन् । गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममार्फत गुर्जाका किसानले जग्गा भाडामा लिएर सामूहिक रूपमा व्यवसायिक तरकारीखेती सुरु गरेका हुन् ।

करिब चार रोपनी जग्गा भाडा लिएर २१ जनाले बन्दा, खुर्सानी, गोलभैंडालगायत तरकारीखेती सुरु गरेका प्रगति लघुउद्यमी समूहका अध्यक्ष रेशकुमारी छन्त्यालले बताउनुभयो । "गुर्जामा आवश्यक पर्ने ताजा तरकारी आपूर्तिका लागि सामूहिक खेती गरिएको हो", उहाँले भन्नुभयो, "तरकारी आयात घटाउने, स्थानीयबासी र गुर्जा घुम्न आउने पर्यटकलाई ताजा र अर्गानिक स्वाद पस्किने उद्देश्यले सामूहिक खेती गरेका हौं ।" समुन्द्री सतहबाट दुई हजार ७०० मिटर उचाइमा रहेको, सडक यातायातको सुविधा नपुगेको गुर्जा म्याग्दीको दुर्गम र विकट क्षेत्रमा अवस्थित छ । उच्च पहाडी क्षेत्रमा अवस्थित गुर्जामावेष गरेर खुर्सानी आयात हुने गर्दछ । धवलागिरि-१ का वडाध्यक्ष झक छन्त्यालले परिक्षणका लागि गरिएको खुर्सानी खेती सफल भएपछि समूहमार्फत अन्य खेती विस्तार गर्न थालिएको बताउनुभयो । उहाँका अनुसार यसअघि घुम्ती व्यापारीले बोकेर लैजाने खुर्सानीलाई प्रतिकिलो रु चार सयका दरले किन्नुपर्ने अवस्था छ । गुर्जाबासीले बर्खायाममा जङ्गलमा प्रशस्त मात्रामा पाइने च्याउ, ढकायोको टुसालाई तरकारीका रूपमा उपभोग गर्नुका साथै आफन्तलाई कोसेली पठाउने र बिक्रीसमेत गर्छन् । हिउँद याममा भने तरकारीको अभाव हुने भएकाले खेती गर्न थालिएको वडाध्यक्ष छन्त्यालले उल्लेख गर्नुभयो । स्थानीय जातको मुलालाई धजरा, गुन्द्रुक, च्याउको सुकुटी बनाएर हिउँदमा तरकारीको रूपमा प्रयोग गर्छन् । सामूहिक रूपमा तरकारीखेतीसम्बन्धी आधुनिक प्रविधी र सीप सिकाउने काम भइरहेको धवलागिरि गाउँपालिकाका कृषि प्राविधिक अमृत थापाले बताउनुभयो । तीन वटा प्लास्टिक टनेल बनाएर टमाटरखेती र तरकारीको बिरुवा उत्पादन गरिएको उहाँले जानकारी दिनुभयो । किसानलाई तरकारीखेतीसम्बन्धी तालिमका साथै बीउ र टलेल खरिदमा गाउँपालिकाले सहयोग गरिरहेको प्राविधिक थापाले बताउनुभयो । यहाँ दलित र अल्पसङ्ख्यक छन्त्याल समुदायका दुई सय ५० परिवारको बसोबास छ । छन्त्याल संकृतिमा रमाउन र प्राकृतिक सौन्दर्यमा रमाउन गुर्जामा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्छन् ।

# देशभरका ५६ स्थानीय तहमा प्लाष्टिकजन्य फोहोरको अनुसन्धान

पोखरापत्र संवाददाता
बागलुङ, १८ बैशाख

प्लाष्टिकजन्य फोहोर व्यवस्थापनका लागि देशभरका ५६ पालिकामा अध्ययन गर्न थालेको छ । प्लास्टिकजन्य फोहोरको प्रकार, प्रकृति र व्यवस्थापनका लागि नमूनाका रूपमा देशभरका ५६ पालिकामा अध्ययन भइरहेको हो ।

यसको जिम्मा अभ्नी दिगोपना केन्द्रले पाएको छ। सो संस्थाका अनुसन्धाकर्ता इन्जिनियर गगन शर्माले हाल बागलुङ नगरपालिकासहित गण्डकी प्रदेशका पाँच र देशभरका ५६ स्थानीय तहमा एकैसाथ अध्ययनको काम भइरहेको बताउनुभयो । वन तथा वातावरण मन्त्रालयको सहकार्यमा छ महिनाभित्र काम सक्नेगरी अध्ययन सुरु भएको उहाँले जानकारी दिनुभयो ।

यसअघि २०१३ मा एसियाली विकास बैङ्क र २०२० मा विश्व बैङ्क प्लास्टिकजन्य फोहोरको विषयमा नेपालमा पहिलोपटक अध्ययन गरिएको शर्माले बताउनुभयो । "देशभरका ५६ पालिकामा चार समूह बनाएर अध्ययन भइरहेको छ, जसमा इन्जिनियरदेखिफोहोरव्यवस्थापन क्षेत्रका अनुसन्धानकर्ता खटिएका छन् । असारभित्र प्रतिवेदन तयार गरी सक्छौं", शर्माले भन्नुभयो, "अध्ययनका घरमा घरदेखि फोहोर सङ्कलन केन्द्रसम्म पुगेर नमूनाका रूपमा तथ्याङ्क लिन्छौं, एउटा पालिकामा तीनपटकसम्म अध्ययनपश्चात् प्रतिवेदन तयार पारिन्छ । यसमा एउटा नागरिकले सरदरमा कति प्लास्टिकजन्य फोहोर उत्पादन र त्यसको व्यवस्थापन कसरी भइरहेको छ भनेर हेरिरहेका छौं ।" यसमा गण्डकी प्रदेशको पोखरा महानगरपालिका, वालिङ नगरपालिका, बागलुङ नगरपालिका,मङ्गलागाउँपालिका र घरपझोङ गाउँपालिकामा अध्ययन भइरहेको अध्ययन भइरहेको छ । प्रारम्भिक अध्ययनका क्रममा बागलुङ नगरपालिकामा कुल फोहरमा २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेको देखिएको इञ्जिनियर शर्माले बताउनुभयो । "बागलुङ बजारमा उत्पादन भएको प्लास्टिकजन्य फोहोरमध्ये ९० प्रतिशत एकपटक मात्रै प्रयोगमा आउने र १० प्रतिशत पुनः प्रयोगमा ल्याउने गरेको अध्ययनका क्रममा पाइएको छ ।


एकपटक मात्रै प्रयोगमा आएको प्लास्टिक प्रयोगले प्लास्टिकजन्य फोहोरको उत्पादनमा वृद्धि भएको पाइएको छ", उहाँले भन्नुभयो, "विश्वमा फोहोरको १४ प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेकामा बागलुङ नगरपालिकामा भने २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन भएको अध्ययनले देखाएको छ ।" बागलुङ नगरपालिकाका नगरउपप्रमुख राजु खड्का यस अध्ययनले नगर क्षेत्रको फोहर व्यवस्थपनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ । प्लास्टिकजन्य फोहोरले हिमाल, नदी, पहाड समुन्द्र हुँदै मानव स्वास्थ्य र सम्पूर्ण वातावरणमा असर गर्ने भएकाले अध्ययनपछि सरकारले ल्याउने नीतिले नगरपालिकालाई समेत सहज बनाउने उहाँको भनाइ छ ।

# छेकम्पारका बासिन्दा यार्सागुम्बा सङ्कलन गर्न छेके र बाजु लेकतिर

रासस
गोरखा, १८ वैशाख

चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न लेकतिर जान थालेका छन्। मौसम सुरु हुने बित्तिकै छेकम्पारवासी यार्सागुम्बा सङ्कलन गर्न छेके र बाजुको लेकतिर जान थालेका स्थानीय छिरिङफुञ्जो लामाले जानकारी दिनुभयो।

"कतिपय हिँडिसके, कतिपय जाने तयारीमा छन्", उहाँले भन्नुभयो, "मौसम बिग्रिएर दुःख दिइरहेको छ ।" चुमनुब्री-१ सामागाउँ र वडा नं ७ छेकम्पारका लेकमा उच्च गुणस्तरको यार्सागुम्बा पाइन्छ । यसलाई उत्तरी गोरखाका बासिन्दाको प्रमुख आम्दानीको स्रोत मानिन्छ। चुमनुब्रीको वडा नं ३ र धार्चे गाउँपालिकाको वडा नं ३ का लेकमा पनि यार्सागुम्बा पाइन्छ। छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न वैशाखको पहिलो सातादेखि नै लेकतिर जान थालेका निवर्तमान वडाध्यक्ष पासाङ फुञ्जो लामा बताउनुहुन्छ। "स्थानीय जान त गएका छन्, तर लेकमा अझै हिउँ जमिरहेको छ", उहाँले भन्नुभयो, "यो वर्ष हिउँ ढिला पऱ्यो, लेक गएका पनि हिउँ पन्छ याउँदै होलान् ।" वैशाख लागेपछि लेक गएकाहरू असारतिर मात्र फर्कने गर्छन् । स्थानीय बासिन्दाले करिब दुई-अढाइ महिनालाई पुग्ने गरी याक-चौंरीलाई रासनपानी तथा लत्ताकपडा बोकेर लैजान्छन्।



यार्सको मोसम सुरु भएपछि अधिकांशले घरमा ढोका लगाएर जहान परिवार, घरपालुवा पशुचौपाया सबै लेकमै लिएर जान्छन् । "लेकमा अस्थायी क्याम्प बनाउँछन्, बालबच्चा पनि लेकमै लान्छन्, याक, चौरी पनि लेकमै लान्छन्", लामा पासाङ भन्नुहुन्छ, "कसै-कसैका घरमा हिँड्न नसक्ने बुढाबुढी छन् भने रोइबा(तल्लो भेगका मान्छे)लाई घर कुरुवा राखेर आफू सबै लेकमै जान्छन् ।"

यहाँका बासिन्दाको मुख्य आयस्रोत यार्सागुम्बाबाट हुने कमाइ हो । उनीहरूले यार्सागुम्बा बेचेर रु दुई लाखदेखि चार लाखसम्म कमाउने गर्दछन्। "अचेल लेकमा किरा पाउनै छोड्यो, दिनभरि खोज्दा एउटा, दुईटा मात्र पाइन्छ", छिरिङ फुञ्जो भन्छन्, "अब केही वर्षपछि त त्यही पनि पाउन छोड्छ होला ।" यार्सागुम्बा सङ्कलनका लागि प्रत्येक घरले स्थानीयस्तरको समितिलाई रु ५०० र पालिकाको लागि रु ५०० तिर्नुपर्ने व्यवस्था छ।

# पोखरामा नयाँ इभी चार्जिङ स्टेशनको शुभारम्भ

पोखरापत्र संवाददाता
पोखरा, १८ वैशाख



पोखरा महानगरपालिका वडा नं. २, मिरुवामा बिहीबारदेखि नयाँ इलेक्ट्रिक भेहिकल चार्जिङ स्टेशन सञ्चालनमा आएको छ।

बागलुङराजमार्गमा अवस्थित बिन्ध्यवासिनी मन्दिरबाट करिब २०० मिटर उत्तरतर्फ रहेको यो चार्जिङ स्टेशनले इलेक्ट्रिक गाडी प्रयोगकर्ताहरूका लागि ठूलो राहत प्रदान गर्ने अपेक्षा गरिएको छ। यो चार्जिङ स्टेशनको शुभारम्भ लामो समयदेखि इलेक्ट्रोनिक व्यवसायमा सक्रिय गुडविल इलेक्ट्रोनिक्सका प्रोप्राइटर कमल श्रेष्ठले गर्नुभएको हो । यो चार्जिङ स्टेशनमा हाल ८० किलोवाट क्षमताको चार्जर जडान गरिएको छ, जसले गाडीको ब्याट्रीलाई ३० मिनेटमा २० प्रतिशतदेखि ८० प्रतिशतसम्म चार्ज गर्न सक्छ । श्रेष्ठका अनुसार, यो स्टेशनमा एकैपटक ४ वटा इलेक्ट्रिक गाडीहरू द्रुत गतिमा चार्ज गर्न सकिने सुविधा छ। "हामीले यात्रुहरूको सहजताका लागि यो चार्जिङ स्टेशन सञ्चालनमा ल्याएका हौं। आवश्यकता अनुसार भविष्यमा थप चार्जरहरू पनि जडान गर्ने योजना छ," उहाँले भन्नुभयो। यो चार्जिङ स्टेशन विशेष गरी बिन्ध्यवासिनी मन्दिर दर्शन गर्न आउने श्रद्धालुहरू र कुस्मा, पर्वत, बागलुङ हुँदै मुक्तिनाथ जाने यात्रुहरूलाई लक्षित गरेर बनाइएको हो । बागलुङ राजमार्गमा पर्ने यो स्थानमा चार्जिङ स्टेशन सञ्चालनमा आएसँगै इलेक्ट्रिक गाडी प्रयोगकर्ताहरूको यात्रा अझ सहज र भरपर्दो हुने यात्रुहरूले अपेक्षा गरेका छन् । चार्जिङ स्टेशनमा आधुनिक डिजिटल डिस्प्ले र प्रयोगकर्ता-अनुकूल इन्टरफेससहितको चार्जर जडान गरिएको छ। पोखरामा इलेक्ट्रिक गाडीको प्रयोग बढ्दै गएको सन्दर्भमा यो चार्जिङ स्टेशनले दिगो यातायात र वातावरण संरक्षणमा पनि योगदान पुऱ्याउने विश्वास लिइएको छ।

स्थानीय बासिन्दा र मुक्तिनाथ दर्शन गर्न इभी गाडी लिएर हिँडेका श्रद्धालुहरूले पनि यो स्टेसन खोलेपछि निकै सहज भएको र धन्यवाद र आशीर्वाद पनि दिएका छन्। यो सुविधाको स्वागत गर्दै आगामी दिनमा यस्ता चार्जिङ स्टेशनहरू थप विस्तार गर्नुपर्ने सुझाव दिएका छन्।

# मुक्तिनाथमा लेंक लागेका तिर्थालुलाई निःशुल्क उपचार

रासस
मुस्ताङ, १८ वैशाख

हिन्दु तथा बौद्धमार्गीहरुको साँझा धार्मिक तिर्थस्थल मुक्तिनाथ मन्दिरमा लेक लागेका बिरामीलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गरिएको छ । यहाँस्थित प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहयोगमा मुक्तिनाथ मन्दिरमा लागेर बिरामी परेका धार्मिक पर्यटकलाई निःशुल्क स्वास्थ्योपचार सेवाको व्यवस्था गरिएको हो।

समुद्री सतहको करिब तीन हजार ८०० मिटरको अग्लो उचाइमा अवस्थित मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न पुग्ने कतिपय धार्मिक तिर्थालु पर्यटकलाई लेक लाग्ने समस्या हुन्छ । मुक्तिनाथमा लेक लागेर बिरामी हुने धार्मिक तिर्थालुलाई छिटोछरितो आपतकालिन प्रारम्भिक उपचारको व्यवस्थापन गर्न प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सहकार्यमा मुक्तिनाथ मन्दिर परिसरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना गरिएको गाउँपालिकाका स्वास्थ्य संयोजक खगेन्द्र बोहोरले जानकारी दिनुभयो । प्रदेश अस्पतालले जनशक्ति व्यवस्थापन र अक्सिजनको व्यवस्था गरेको तथा गाउँपालिकाले व्यवथापन एवं औषधि लगायतमा सहयोग गर्दै आइरहेको स्वास्थ्य संयोजक बोहोराले बताउनुभयो । मुक्तिनाथस्थित 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर'माप्रदेशअस्पतालजोमसोमले दुईहेल्थअसिस्टेन्टकरारमाखटाएको छ । अस्पतालले ट्रिटमेन्ट सेन्टरका लागि आवश्यकताअनुसार अक्सिजनको व्यवस्था गरेको छ।

लेक लाग्ने बिरामीको उपचार सेवाका लागि हेल्थ असिस्टेन्ट सरोज घर्तीमगर र विकास ठाकुर २४ सै घण्टा बिरामीको सेवामा खटिनुभएको छ । हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टरमा कार्यरत हेल्थ असिस्टेन्ट घर्तीमगरले लेक लागेका बिरामीलाई उपचार सेवा पुऱ्याउन तीन वटा शय्या र तीन अक्सिजन सिलिण्डर तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार दुई शय्या र दुई सिलिण्डर मन्दिरको केही पर व्यवस्थापन भएको तथा एक शय्या र एक सिलिण्डरको व्यवस्था मन्दिर परिसर नजिकै राखेर सेवा दिने गरिएको छ।

मुक्तिनाथ मन्दिर परिसरमा 'हाइअल्टिच्युड ट्रिटमेन्ट सेन्टर' स्थापना भएदेखि हालसम्म करिब दुई हजार बढीले सेवा प्राप्त गरेको हेल्थ असिस्टेन्ट घर्तीमगरले बताउनुभयो । उहाँका अनुसार चैतमा मात्रै १७९ जना लेक लागेका बिरामीले हाइअल्टिच्युड ट्रिटमेन्ट सेवाबाट स्वास्थ्य लाभ प्राप्त गरिसकेका छन्। मुक्तिनाथमा धार्मिक तिर्थालुका लागि स्थापना गरिएको ट्रिटमेन्ट सेन्टरको प्रारम्भिक कक्ष साँघुरो हुँदा बिरामीको उपचारमा केही असहज भएको देखिएको छ। यसका लागि मन्दिर परिसर नजिकै सुविधायुक्त हाइअल्टिच्युड पूर्वाधार भवनको व्यवस्था आवश्यकता रहेको छ।

मुक्तिनाथमा लेक लागेका बिरामीलाई प्राथमिक उपचार गरेपछि जोमसोमस्थित प्रदेश अस्पतालमा रिफर गर्ने गरिएको अर्का हेल्थ असिस्टेन्ट ठाकुरले बताउनुभयो। मुक्तिनाथमा ४५ देखि ९४ वर्ष उमेरका ज्येष्ठ नागरिकलाई लेक लाग्ने समस्याको उपचार प्रदान गरिसकेको ठाकुरको भनाइ छ। समुद्री सतहको कम उचाइबाट उच्च स्थानमा विश्राम नलिइ आउँदा धार्मिक तिर्थालुलाई लेक लाग्ने समस्या बढी हुने गरेको छ। दीर्घ रोगका बिरामी र शारिरीक रुपले कमजोर तथा उमेर कटेका ज्येष्ठ नागरिकलाई मुक्तिनाथमा दर्शन गर्न आउँदा लेंक लाग्ने समस्या बढी हुने गर्छ । उच्च स्थानमा पुग्दा अक्सिजनको मात्रा कम हुँदा देखिने समस्यालाई लेक लागेको भन्ने गरिन्छ । लेक लागेका बिरामीलाई बान्ता हुने, रिङ्गटा लाग्ने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या हुने, शरिर भारी हुने र अल्छि लाग्ने जस्ता लक्षण देखिने गर्छन्। उच्च स्थानको मुक्तिनाथमा जाने धार्मिक तिर्थालु कुन ठाउँबाट कसरी आइपुगेको हो लेक लाग्ने समस्या त्यसैमा निर्भर हुन्छ । मुस्ताङमा कम उचाइको स्थानबाट आउने भारतीय पर्यटकलाई बढी मात्रामा लेक लाग्ने समस्या देखिने गरेको पाइएको छ । यसैगरी मुक्तिनाथमा गएर खाली पेटमा १०८ धाराको पानी सेचन गर्ने, चिसो कुण्डमा डुबुल्की मार्ने र खाली पेटमै दर्शन गर्ने गर्दा शरिरले तापक्रम व्यवस्थापन गर्न नसक्दा धार्मिक तिर्थालुलाई लेक लाग्ने समस्या देखिने गरेको स्थानीय बताउँछन् । जिल्ला प्रहरी कार्यालयले मुक्तिनाथ आउने धार्मिक पर्यटकलाई लेक लाग्ने समस्याका बारेमा सचेतनामूलक अभियान नै सञ्चालन गरेको छ । 'सवारी चालकसँग एक मिनेट र यात्रुसँग दुई मिनेट' अभियान सञ्चालन गरेर धार्मिक तिर्थयात्रीलाई लेक लाग्ने समस्याका बारेमा जानकारी दिने र लेक लाग्ने समस्याका बारेमा पर्चा, पम्प्लेट र ब्रोसर वितरण गर्ने अभियान सञ्चालन भइरहेको छ । मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई लेक लाग्ने जाखिमबाट जोगाउन म्याग्दी र मुस्ताङको सिमावर्ती क्षेत्र घाँसामा लेक लाग्ने समस्याका विषयमा सूचनामूलक होर्डिङ बोर्ड राखिएको छ। घाँसामा रहेका सुरक्षाकर्मीले समेत लेक लाग्ने समस्याका बारेमा धार्मिक तिर्थालुलाई जानकारी दिने गरेका छन् । मुस्ताङमा बर्सेनि दुई दर्जन बढी धार्मिक तिर्थालुको लेक लाग्ने समस्याबाट मृत्यु हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिनुभयो । त्यसमध्ये मृत्यु हुनेमा सबैभन्दा बढी भारतीय पर्यटक रहेको प्रहरी निरीक्षक अधिकारीले उल्लेख गर्नुभयो।

# डढेलोबारे अझै छैनन् सचेत

पोखरापत्र संवाददाता
दमौली, १८ वैशाख



जिल्लामा गत चैतदेखि मात्रै १६२ हेक्टर वन क्षेत्रमा डढेलो लागेको छ । त्यसबाट ठूलो क्षति भएको छ । यहाँका पालिका र सरोकार भएका निकायले सचेतनाका विभिन्न कार्यक्रम सञ्चालन गरे पनि डढेलोका घट्ना भने भइरहेका छन्।

डिभिजन वन कार्यालय तनहुँका सूचना अधिकारी सहायक वन अधिकृत राजकुमार श्रेष्ठले यस अवधिमा जिल्लाका विभिन्न १२ वटा सामुदायिक वनमा डढेलो लागेको जानकारी दिनुभयो। यसबारे एकीकृत विवरण सङ्कलनको काम भइरहेको उहाँले बताउनुभयो। वनमा डढेलो लगाउनु हुँदैन भनेर जिल्लास्थित दशवटै पालिकामा पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि डढेलो लाग्ने क्रम नरोकिएको श्रेष्ठको भनाइ छ। उहाँले भन्नुभयो, "स्थानीय तहको सहयोगमा सामुदायिक वनका पदाधिकारी र सदस्य राखेर सचेतना फैलाउने काम निरन्तर भइरहेको छ तर पनि वर्षेपिच्छे डढेलोका घटना बढिरहेकै छन् । यसमा हामी सबै चिन्तित छौं ।" जिल्लामा ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ भने दशवटा स्थानीय तहमा छ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन र छवटा धार्मिक वन रहेका छन्। गर्मीयाम सुरु भएसँगै यहाँका सामुदायिक वनमा डढेलो लाग्ने क्रम बढेको र सो कार्य मानवीय असावधानीकै कारण भए पनि त्यसमा सङ्लग्नको पहिचान गर्न नहुँदा कारबाहीको दायरामा ल्याउन नसकिएको सूचना अधिकारी श्रेष्ठको भनाइ छ।

यहाँ घर नजिकैको पातपतिङ्गर सफा गर्ने नाममा जलाउने, गाईवाख्राका लागि घाँस पलाउँछ भन्दै वनमा आगो लगाउने प्रवृत्ति कायमै छ । त्यसलाई निरुत्साहित गर्न सचेतनाका कार्यक्रम गरिए पनि त्यसको प्रतिफल आउन सकेको छैन । डिभिजन वन कार्यालयले जिल्लाका आठवटै सब डिभिजनमार्फत वन डढेलो सचेतना कार्यक्रम सञ्चालन गरिरहेको छ। त्यस क्रममा वनमा अग्निरेखा बनाउने, पात झर्ने समयमा सफा गर्ने, वनजङ्गल बाहिर लगेर मात्र गोल पोल्ने, आगो बल्ने चीज लिएर वनमा नजाने, सुकेका र ढलेका रुख तथा झाङ्गाबिङ्गाहरू सुख्खा मौसम अगावै हटाउने विषयमा सामुदायिक वनका उपभोक्तालगायतलाई सचेत गराउने गरिन्छ । "गर्मी मौसममा बिँडी, चुरोट खाएर ननिभाइ फाल्नाले, वन्यजन्तु भगाउन आगो लगाउनाले, नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलोको प्रकोप बढ्न सक्छ", श्रेष्ठले भन्नुभयो, "गोठालो तथा केटाकेटीहरूले मनोरञ्जनका लागि वनमा आगो बाल्ने, वन नजिकका खेतबारीमा झारपात जलाउने र ननिभाउने गर्नाले पनि आगलागीका घटना हुन सक्छन्। यसतर्फ सचेत हुनुपर्छ भनेर जानकारी दिइरहेकै छौं ।" डढेलो लाग्ने १८ जिल्लामध्ये तनहुँ पनि उच्च जोखिममा पर्दछ । वन ऐनमा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल उपर गरी तीन वर्ष कैद वा रु ६० हजारसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ रिट्ठेपानी बिर आधारभूत स्कुल वाल निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रिट्ठेपानी बिर आधारभूत स्कुल वाल निर्माण
ठेगानाः पोखरा-२७, रिट्ठेपानी
योजना सम्झौता मितिः २०८१/१२/०२ गते
योजना शुरु मितिः २०८१/१२/०३ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/१७ गते
योजनाको कुल लागतः रु.५,८८,२३५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८,२३५।-
उपभोक्ता समिति अध्यक्षः क्या. इन्द्र बहादुर गुरुङ
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४
अनुगमन समिति संयोजकः जितेन्द्र बहादुर क्षेत्री

**श्री बिर आधारभूत विद्यालय**
**पोखरा-२७**

# श्रम गर्ने मजदुरसँग सम्मानजनक व्यवहारको खाँचो: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, १८ वैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले विश्व मजदुर दिवस (मे १) को अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

बिहीबार शुभकामना सन्देश जारी गर्दै उहाँले नेपालमा शारीरिक श्रम गर्ने र दैनिक ज्यालादारी मजदुरलाई सम्मानजनक रुपमा हेर्ने प्रवृत्तिमा समस्या देखिएको उल्लेख गर्नुभएको छ । प्रदेश प्रमुख भट्टले सन्देशमा भन्नुभएको छः 'परिश्रम गरेर आफू पालिने र अरु पाल्नेहरूलाई हेपाइको दृष्टिबाट हेर्ने नेपाली समाजको प्रवृत्ति बदल्न जरुरी छ।'

श्रम बजारमा विज्ञान प्रविधिको विकाससले थोरै मानव संसाधनबाट धेरै काम सम्पन्न हुने अवस्था सृजना भएको हुँदा यसबाट बेरोजगारहरुको संख्यामा अझ वृद्धि हुनसक्ने भएकाले श्रमिकहरूको पेशागत दक्षता अभिवृद्धिका लागि बेलैमा सोच्नुपर्ने अत्यावश्यक रहेको उहाँले उल्लेख गर्नुभएको छ । १३६ औं विश्व मजदुर दिवसले आफ्नो हकहित, अधिकार तथा स्वतन्त्रताको रक्षार्थ विश्वभरिका सम्पूर्ण श्रमजीवीहरूलाई एकताको सूत्रमा बाँध्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उहाँले नेपालको संविधानले सम्पूर्ण नागरिकहरूका लागि रोजगारीको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकका लागि उचित पारिश्रमिक, समान काममा लैंगिक भेदभाव नगरिने व्यवस्था समानताको हकले गरेको स्मरण गराउनुभएको छ। विश्व मजदुर दिवसले स्वदेशी उत्पादनको प्रयोगमा जोड दिँदै श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक एवम् सामाजिक सुरक्षालगायतका श्रमिक अधिकारलाई सुनिश्चित गर्नेतर्फ अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना पनि गर्नुभएको छ । आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन' लगायत पेशागत हितको प्रवर्द्धन र कामको सुरक्षाका आधारभूत माग राखी अमेरिकाको शिकागो शहरमा भएको संघर्षबाट मजदुरको वर्गीय हित, रोजगारीको सुरक्षा तथा सेवा र सुविधालाई राज्यपक्षले संरक्षण दिनुपर्छ भन्ने मान्यता स्थापित भएको थियो। सोही दिनलाई स्मरण गर्दै प्रत्येक वर्ष मे १ मा विश्व मजदुर दिवस (अन्तर्राष्ट्रिय श्रमिक दिवस) मनाउने गरिन्छ । विराटनगरमा २००७ सालमा भएको मजदुर आन्दोलनसँगै नेपालमा यो दिवस मनाउन थालिएको हो । वि.सं. २०४६ को राजनीतिक परिवर्तनसँगै नेपालमा विश्व मजदुर दिवस, मे १ मा सार्वजनिक बिदा दिन थालियो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०१/१९

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी बाघखोर निर्माण सेवा प्रा. लि. अंग्रेजीमा Baghkhor Nirman Sewa Ltd. (प्रा.लि.न.१९२८१२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको बाघखोर निर्माण सेवा प्रा. लि. अंग्रेजीमा Baghkhor Nirman Sewa Pvt. Ltd. ले सकार्ने व्यहोरा गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।